नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
(LGCDP)
कार्यक्रम समन्वय इकाई

प. सं.:- ०७२/०७३
च. नं.:-५१८

सिंहदरबार, काठमाण्डौ ।

मिति २०७३।३।३१

श्री जिल्ला विकास समिति (सबै)
श्री महानगर/उपमहानगर/नगरपालिका (सबै)

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषय, यस कार्यक्रमको तर्फबाट जिल्ला विकास समिति तथा नगरपालिकाहरुमा करारमा नियुक्त हुने कार्यक्रम अधिकृत (LGCDP Focal Person), सामाजिक विकास अधिकृत तथा इन्जिनियरहरुको पदपूर्तिका सम्वन्धमा मन्त्रालयको मिति २०७३।०३।०९ को मा. उप-प्रधानमन्त्रीस्तरको निर्णयानुसार कार्यक्रम अधिकृत तथा सामजिक विकास अधिकृत छनौट हुन बाँकी रहेका जिल्ला विकास समिति तथा नगरपालिकाहरुको हकमा हाललाई उक्त प्रकृया स्थगित गर्ने भनी निर्णय भएको व्यहोरा विदितै छ ।

यस कार्यक्रमको आ.ब. ०७३/७४ को बार्षिक बजेटमा यसरी कार्यक्रम अधिकृत तथा सामाजिक विकास अधिकृत नियुक्त गरी कामकाजमा खटाई सकेका जिल्ला विकास समिति तथा नगरपालिकाहरुलाई निजहरुको तलव/पारिश्रमिक बापतको रकम उपलब्ध गराउने गरी आवश्यक बजेटको व्यवस्था गरिएको हुँदा तहाँ कार्यरत कार्यक्रम अधिकृत (LGCDP Focal Person) तथा सामाजिक विकास अधिकृतलाई निजको कार्यसम्पादनका आधारमा नियमानुसार करार सम्झौता गरी कामकाजमा खटाउनु हुन आदेशानुसार अनुरोध छ ।

०७३।०३।३१
रमेश शर्मा
प्रशासकीय अधिकृत

फोन: ४२००२८२, ४२००३३३, ४२००३३४, फ्याक्स नं.: ९७७-०१-४२००३२६, ईमेल: lgcdp@wlink.com.np, वेब पेज: www.lgcdp.gov.np